गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल



# गण्डकी प्रदेशको सार्वजनिक विद्युतीय सवारी साधन सञ्चालन सम्बन्धी मापदण्ड,२०८०

प्रस्तावनाः गण्डकी प्रदेशभित्र वातावरणमैत्री, गुणस्तरीय, सुरक्षित, मर्यादित तथा प्रभावकारी रुपमा सार्वजनिक यात्रुबाहक सवारी साधन सञ्चालन गर्न, खनिज ऊर्जामा आधारित सवारी साधनको प्रयोगलाई कम गर्दै सार्वजनिक विद्युतीय सवारी साधन सञ्चालन गर्ने मापदण्ड बनाई व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम "गण्डकी प्रदेशको सार्वजनिक विद्युतीय सवारी साधन सञ्चालन सम्बन्धी मापदण्ड,२०८०" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ र सो शब्दले यातायात व्यवस्था सेवा कार्यालय र ऐन बमोजिमका यातायात व्यवस्थापन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयलाई समेत जनाउँछ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको यातायात क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "सार्वजनिक विद्युतीय सवारी" भन्नाले विद्युतीय शक्तिबाट सञ्चालन हुने यात्रुबाहक सार्वजनिक सवारी साधन सम्झनु पर्छ।

३. विद्युतीय सवारीको वर्गीकरणः (१) सार्वजनिक रुपमा सञ्चालन हुने विद्युतीय सवारीलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

(क) ट्याक्सी

(ख) भ्यान

(ग) बस

(२) उपदफा (१) अनुसार तोकिएको विद्युतीय सवारी साधनहरुको स्पेसिफिकेशन यस मापदण्डको अनुसूचीहरुमा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) मा भएको वर्गिकरणमा मन्त्रालयले आवश्यकतानुसार थपघट गर्न सक्नेछ । यसरी वर्गिकरण गरिएका थप वर्गका विद्युतीय सवारी साधनहरुको स्पेसिफिकेशन अनुसूचीमा थप गर्न सकिनेछ।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल



४. <u>ट्याक्सीको सट्टा दर्ता तथा बाटो इजाजत</u>: (१) गण्डकी प्रदेशका यातायात कार्यालयहरुमा दर्ता भई खनिज ईन्धनबाट चल्ने र उत्पादन मितिले बीस वर्ष नाघेका सार्वजनिक यात्रुवाहक ट्याक्सीको लगतकट्टा गरी सट्टा ट्याक्सी दर्ता गर्दा अनुसूची-१अनुसारको स्पेसिफिकेशनका विद्युतीय ट्याक्सी दर्ता गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम बीस वर्ष अगावै स्वेच्छाले ट्याक्सीको लगतकट्टा गरी सट्टा दर्ता गर्न चाहेमा ट्याक्सीको अवधि उत्पादन मितिले पन्ध्र वर्ष पुगेको हुनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्घटना वा अन्य कारणले सञ्चालन हुन योग्य नभएमा तोकिएको समयावधि अगावै सट्टा दर्ता सुविधा दिन बाधा पर्ने छैन।

(४) यातायात व्यवस्था कार्यालयहरुमा सट्टाका बाहेक नयाँ ट्याक्सी दर्ता गर्नुपर्ने अवस्थामा विद्युतीय ट्याक्सी दर्ता गर्न सकिनेछ ।

५.<u>विद्युतीय भ्यान तथा बसको दर्ता</u>: यस मापदण्डको अनुसूची-२ र ३ बमोजिमको स्पेसिफिकेशन अनुसार नयाँ विद्युतीय भ्यान र बसहरु दर्ता गर्न सकिनेछ।

६.<u>डिजिटल डिस्प्ले तथा मिटर जडानः</u> (१) विद्युतीय ट्याक्सीको छतमा -अनिवार्य रुपमा डिजिटल डिस्प्ले बोर्ड जडान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको डिजिटल डिस्प्ले बोर्ड अनुसूची-४ मा तोकिए बमोजिम हुनेछ।

(३) ट्याक्सीको रुपमा दर्ता भएका सवारी साधनले तोकिए बमोजिमको मिटर जडान गरी भाडा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

तर विद्युतीय माध्यमबाट नगद रहित भाडा भुक्तानी प्रणाली लागू भएमा सोही बमोजिमको भाडा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

७.<u>विद्युतीय सवारीको भाडाः</u> विद्युतीय सवारीको भाडादर प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

८.<u>पूर्वाधार र चार्जिङ स्टेशनः</u> (१) आयातकर्ता कम्पनी तथा निजी क्षेत्रले विद्युतीय **सवारी साधनका** लागि पूर्वाधार र चार्जिङ स्टेशन स्थापना र सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरण र सम्बन्धित स्थानीय तहको सिफारिसमा मन्त्रालयले स्वीकृति दिन सक्नेछ।

(२) विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्न प्रदेश सरकारले संघीय सरकारको सहयोग तथा स्थानीय तहको समन्वयमा जग्गा प्राप्त गरी सरकारी चार्जिङ स्टेशन निर्माण तथा सञ्चालन गर्न सक्नेछ ।

(३) सार्वजनिक सवारीको रुपमा सञ्चालन हुने गरी यस प्रदेश अन्तर्गतका यातायात कार्यालयहरुमा सवारी दर्ता भएका सवारी साधनहरुको बिक्री गर्ने कम्पनी वा डिलरले प्रदेशको केन्द्रमा कम्तिमा १ वटा विद्युतीय सवारी साधन मर्मत गर्ने वर्कशप र यातायात कार्यालय भएका जिल्लाहरुमा मन्त्रालयले तोकेको स्थानमा आपसी सहमतिमा आवश्यकता अनुसार चार्जिङ स्टेशन स्थापना गर्नुपर्नेछ ।

९.<u>निरीक्षण र अनुगमनः</u> (१) यो मापदण्ड कार्यान्वयनका सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गरी निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

१०.सूचना प्रकाशन गर्नुपर्ने: यो मापदण्ड स्वीकृत भए पश्चात् मन्त्रालयले सार्वजनिक सूचना वेबसाइट तथा सूचना पाटीमा प्रकाशन गर्नुपर्ने छ।

११. बाधा अडकाउ फुकाउः यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्वन्धित)

## विद्युतीय ट्याक्सीको स्पेसिफिकेशन

| Description | ट्याक्सीको Specification |
|---|---|
| General | Five door right hand drive Electric car suitable for normal and rough road conditions of Nepal. |
| Chassis and Frame | Heavy duty rigid frame structure suitable for rough road |
| Seating Capacity | 5 to 7 seats including driver |
| Transmission | Automatic |
| Boot Space | 300 liter or above |
| Motor Power | 50 kW or above , Torque more than 150Nm |
| Battery capacity | 30 kWh or above (Battery Cooler) |
| Battery and Motor Warranty | 150000 km / 5 years or above |
| Performance | Range more than 300 KM in one full charge. |
| Safety | Short Circuit Protection, Over-temperature Protection, Lightning Protection |
| Max Gradient | 12% or above |
| Ground Clearance (mm) | 160 or above |
| Steering | Electrically Power Assisted |
| Air Bag | Dual Airbag |
| GPS System | Required |
| Hill Assist | Required |
| Brake System | ABS and EBD with regenerative braking system |
| Brakes | Front : Disc and Rear :Optional (Disc or drum) |
| Central Locking | Required |
| AC | Required |
| Sound System | Required |
| Essential Accessories | 1. Head light, tail and rear light.<br>2. Reversing light, turn signals.<br>3. Cabin light.<br>4. Speedometer/ odometer.<br>5. Suitable Jack and Handle.<br>5. Seat belt for driver and co-driver.<br>7. Air Condition.<br>8. All power windows System (Front and Rear).<br>9. Airbag Safety system<br>10. Minimum one spare tyre |
| Warranty | General warranty 2 years or above. |

उल्लिखित मापदण्ड अनुसारका विद्युतीय कारहरु साधारण ट्याक्सी वा पर्यटक सवारी वा विशेष ट्याक्सीको रुपमा संचालन गर्न सकिनेछ।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, कास्की

## अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)

## विद्युतीय भ्यानको स्पेसिफिकेशन

| Description | Specification of Vans |
|---|---|
| General | Minimum Four door, right hand drive Electric van suitable for normal and rough road conditions of Nepal. |
| Chassis and Frame | Heavy duty rigid frame structure suitable for rough road |
| Seating Capacity | 11 to 15 including driver |
| Transmission | Automatic |
| Motor Power | 50 kW or above , Torque more than 200Nm |
| Battery capacity | 40 KWh or above (Battery Cooler) |
| Battery and motor warranty | 150000 km / 5 years or above |
| Performance | Range more than 250 km in one full charge. |
| Safety | Short Circuit Protection, Over-temperature Protection, Lightning Protection |
| Max Gradient | 12% or above |
| Ground Clearance (mm) | 175 or above |
| Steering | Electrically Power Assisted |
| Air Bag | Driver airbag |
| Hill Assist | Required |
| Brake System | ABS and EBD with regenerative braking system |
| Brakes | Front : Disc and Rear : Optional (Disc or drum) |
| Essential Accessories | a. Head light, tail and rear light, reversing light, turn signals.<br>b. Cabin lights.<br>c. Speedometer/ odometer<br>d. Heavy duty front bumper.<br>e. One spare wheel with tyre and tube.<br>F. Suitable Jack & Handle<br>g. Seat belt for driver |
| Warranty | General warranty 2 years or above. |

विद्युतीय भ्यानलाई पर्यटकीय वा एयर्टपोर्ट सेवाको लागि समेत प्रयोग गर्ने गरी तोकिए अनुसार दर्ता गर्न सकिनेछ ।

अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)

## विद्युतीय बसको स्पेशीफिकेशन

| Description | Specification of Electric Buses |
|---|---|
| General | Right Hand Drive 2X2 Seating Layout model Bus, suitable for driving in Nepal and in ambient temperature -5 to 50 degree centigrade. |
| Chassis and Frame | Heavy duty rigid frame structure suitable for rough road |
| Seating Capacity | Seating capacity for at least 26 Persons including driver |
| Transmission | Automatic |
| Motor Power | 120 kW or above , Torque more than 300Nm |
| Battery capacity | 150 kWh or above |
| Battery and motor warranty | 150000 km / 5 years or above |
| Performance | Range more than 250 km in one full charge. |
| Safety | Short Circuit Protection, Over-temperature Protection, Lightning Protection |
| Max Gradient | 12% or above |
| Ground Clearance (mm) | 175 or above |
| Steering | Power Assisted |
| Brake System | ABS with regenerative braking system |
| Brakes | Front : Disc and Rear : Optional (Disc or drum) |
| Gauges | Fitted with all the gauges, indicators, signals as necessary for efficient operation,functional monitoring, vehicle performance and maintenance that includes (But not limited to) Battery charge indicator with all the standard items of offered model vehicle. |
| Essential accessories | a. Head light, tail and rear light, reversing light, turn signals.<br>b. Cabin lights.<br>c. Speedometer/ odometer<br>d. Heavy duty front bumper.<br>e. One spare wheel with tyre and tube.<br>F. Suitable Jack & Handle<br>g. Seat belt for driver |
| Warranty | General warranty 2 years or above. |

विद्युतीय बसलाई पर्यटकीय सेवाको लागि समेत प्रयोग गर्ने गरी तोकिए अनुसार दर्ता गर्न सकिनेछ ।

## अनुसूची-४

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

<u>डिजिटल डिस्प्ले वोर्डको नमूना</u>

छतमा राखिने संकेत बत्ती विशेष प्रकृतिको हरीयो रङ र साधारण पहेंलो रङको हुने गरी (Rooftop Indicator Lamp Box) राख्नु पर्नेछ। "TAXI" शब्द अगाडि र पछाडि दुवै तर्फबाट प्रष्ट देखिनु पर्नेछ ।




पर्यटकीय ट्याक्सी




साधारणट्याक्सी